# द्वन्द्वपीडित साझा चौतारी

Conflict Victims Common Platform (CVCP)

**केन्द्रिय कार्यसमिति, काठमाडौं, नेपाल**

मिति: २०७४ चैत्र ३०

## प्रेश बिज्ञप्ति

सालिक तोडफोडको घोर भर्त्सना

रामेछाप जिल्ला लिखु तामाकोशी गाउंपालिकामा निर्माण गरिएको द्वन्द्वकालमा रामेछापमा हत्या गरिएका गणेश कुमार श्रेष्ठ र उज्जन (भुवन) कुमार श्रेष्ठको सालिक तोडफोड गरिएकोप्रति यस द्वन्द्वपीडित साझा चौतारी घोर भर्त्सना गर्दछ । द्वन्द्वका नाममा मारिएका नागरिकहरुको पहिचान सम्मान तथा संस्मरणात्मक कार्यक्रम राज्यबाट हुनुपर्नेमा स्वयम् पीडित परिवारको अग्रसरतामा निर्माण गरिएका शालिक तोडफोड गरिनु आम द्वन्द्वपीडित नागरिकहरुका लागि अपमानपूर्ण र निन्दनिय कार्य भएको महसुस चौतारीले गरेको छ ।

भर्खरै मात्र अनावरण गरिएको उक्त शालिक तोडफोड गर्ने व्यक्तिहरुको तत्काल अनुसन्धान गर्न, तोडफोडमा संलग्न व्यक्तिहरुलाई कानुन बमोजिम दण्डित गर्न तथा तोडफोड गर्ने व्यक्तिहरुबाटै असुल गरी तोडफोड गरिएको सालिक पुननिर्माण गराउन नेपाल सरकार, मातहतका निकाय एवं सुरक्षा निकाय समक्ष चौतारी जोडदार माग गर्दछ । साथै, आगामी दिनहरुमा यस प्रकारका अमानवीय र निन्दनीय क्रियाकलापहरु हुन नदिन, द्वन्द्वका नाममा मारिएका नागरिकहरुको सम्मान स्वरुप यस प्रकारका स्मृति सालिकहरु स्थानीय सहभागितामा व्यापक रुपमा निर्माण एवं संरक्षण गर्न एवं यस प्रकारका घटनाहरुबाट सम्वन्धित परिवारजनमा पर्न गएको सुरक्षा चूनौती सम्बोधन गर्नका लागि सरकार, सम्वन्धित स्थानीय निकाय, सुरक्षा निकाय, आम राजनैतिक दल, मानवअधिकार आयोग, मानवअधिकार समुदाय तथा नागरिक समाज समक्ष चौतारी जोडदार माग गर्दछ ।



सुमन अधिकारी
अध्यक्ष, द्वन्द्वपीडित साझा चौतारी